८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री दुर्गाप्रसाद शर्मालाई मिति २०४४।६।२५ देखि का. मु. मुकरर गरेको छ।

आज्ञाले,
केदारनिधि तिवारी
सह-सचिव

श्री ५ को सरकार
## उद्योग मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले मिति २०४४।७।२० को निर्णयानुसार श्री भरतप्रसाद बस्यालले नेपाल इन्जिनियरिङ सेवा, केमिष्ट्री समूह पदसंकेत व । वनस्प । वि । ०७। ३ रा.प. तृतीय श्रेणीको वनस्पति विभाग, शाही औषधि अनुसन्धानशालाको सहायक वैज्ञानिक अधिकृत पदबाट दिनुभएको राजिनामा मिति २०४०।८।२८ देखि लागू हुने गरी स्वीकृत गरेको छ।

## सूचना २

श्री ५ को सरकारले मिति २०४४। ७। २० को निर्णयानुसार श्री प्रदीपमान श्रेष्ठलाई नेपाल इन्जिनियरिङ सेवा केमिष्ट्री समूह, रा.प.तृतीय श्रेणीको पदमा १ (एक) वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरी वनस्पति विभाग शाही औषधि अनुसन्धानशालामा पदसंकेत व । वनस्प । वि । ०७ । ४४ को सहायक वैज्ञानिक अधिकृत पदमा पदस्थापन गरेको छ।

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४५